# कृषिउपजको बजारिकरण,अवलोकन र  असल अभ्यास आदानप्रदान भ्रमण २०८० को प्रतिबेदन

## १. भ्रमणको पृष्ठभुमि

कपुरकोट गाउँपालिकाको आव २०८०।८१ को स्विकृत बार्षिक नीति तथा कार्यक्रम अनुसार मिति २०८०।०८।२५  को स्विकृत टिप्पणी आदेशानुसार मिति २०८०।०८।२७ देखि मिति २०८०।०९।०३ गतेसम्म गाउँपालिका अध्यक्ष दुर्गा बहादुर पुन, प्रमुख प्रशासकिय अधिकृत भरत कुमार वली, कृषी बजार सँचालक समितिका अध्यक्ष तिलक शर्मा र हलुका सवारी चालक योगेश बुढासहितको भ्रमण दलले सुर्खेतको कृषि उपज बजार सँचालक समितिसँग समन्वय बैठक र थोक बजारको अवलोकन, कैलालीको घोडाघोडि नगरपालिकाको कार्यालयमा समन्वय बैठक र सुख्खड बजारमा रहेको कृषि बजारको अवलोकन, गोदावरी नगरपालिका कैलालीमा समन्वय बैठक र अतरियामा रहेको कृषी उपज थोक बजारमा समन्वय बैठक, बर्दियाको मधुवन नगरपालिका, बाँके जिल्लाको कोहलपुर नगरपालिका र नेपालगँज उपमहानगरपालिकामा समन्वय बैठक  र अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

त्यस्तै  **मिति २०८०।०९।६ देखि मिति २०८०।०९। १३** गतेसम्म कर्णाली प्रदेश सरकार ,भुमि ब्यबस्था ,कृषि तथा सहकारी मन्त्री माननिय भिम प्रकाश शर्मा तथा  उहाँको निजि सचिवालयका सदस्यहरु र गाउँपालिका अध्यक्ष दुर्गा बहादुर पुन, गाउँपालिका उपाध्यक्ष प्रकाश भरारी, प्रमुख प्रशासकिय अधिकृत भरत कुमार वली,आर्थिक बिकास समिति सँयोजक वडा न १ का वडाअध्यक्ष बालाराम खडका, कृषी बजार सँचालक समितिका अध्यक्ष तिलक शर्मा र हलुका सवारी चालक योगेश बुढासहितको भ्रमण दलले दाङ जिल्लाको घोराहीमा रहेको कृषी बजारमा अवलोकन, भालुवाङमा रहेको लुम्वनि प्रदेश सरकार, कृषी मन्त्रालयमा समन्वय बैठक, रुपन्देहि जिल्लाको बुटवलमा रहेको कृषि उपज बजारमा समन्वय बैठक तथा बुटवल र मनिग्रामको बजार अवलोकन, पाल्पा जिल्लाको मदानपोखरा संगम बहुउदेशिय कृषि सहकारी सँस्थासँग समन्वय बैठक, कास्कीको पोखरा महानगरपालिका र ल्वाङ गाउँ होमस्टे अवलोकन, तनहूँको बन्दिपुरमा रहेको बाख्रा अनुसन्धान केन्द्र र गोरखाको पालुङटारमा रहेको कामधेनु गाइ फार्मको अवलोकन,मोदी गाउँपालिका पर्वत ,रुकुम पुर्वको सदरमुकाम रुकुमकोटमा भेटघाट र काठमाडौंमा बिभिन्न महानुभावहरुसँग भेटघाट,समन्वय बैठक र अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

## २. भ्रमणका उदेश्यहरु

- देशका बिभिन्न कृषि उपज बजारहरुमा बिधमान संरचना, मुल्य निर्धारण प्रकृया, कोल्डस्टोर र ल्यावको अबलोकन गरी कपुरकोटमा  पनि एक ब्यबस्थित र कृषकमैत्री बजारको संरचना निर्माण गर्नु
- देशका मुख्य मुख्य सहरहरुमा कपुरकोट तरकारी स्टलको सम्भाब्यता अध्ययन गरि आबश्यक समन्वय गर्नु
- आ.व २०८०।८१ को गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार समर्थन मुल्य कोषको स्थापना तथा ब्यबस्थापन ,उत्पादनमा आधारित कृषक अनुदान ,कृषि एम्बुलेन्स र होमस्टे संचालनको अभ्यास र अनुभवहरु अध्ययन गर्नु

- कपुरकोटको बेमौषमी तरकारी लगायतको कृषि उपजको बजारीकरण प्रबर्धन गर्न बिभिन्न सहरमा रहेका कृषि बजार संचालक समितिहरु, ब्यबसायी ,उपभोक्ता र कृषकहरुसँग समन्वय बैठक र अन्तरकृया गर्नु
- बिभिन्न स्थानिय तह र कार्यालयहरुसँग समन्वय बैठक, असल अभ्यासहरु आदानप्रदान र दुईपक्षिय भगिनि सम्बन्ध स्थापनाका लागि आबश्यक तयारी गर्नु
- काठमाडौमा बिभिन्न उच्चस्तरिय भेटबार्ता तथा बिभिन्न बिषयहरुमा आबश्यक परामर्श गर्नु

## ३.भ्रमणको अवधि र भ्रमण दलमा सहभागीहरु

**क) पश्चिम तर्फको भ्रमण**

**भ्रमणको अबधि**

✓ मिति २०८०।०८।२७ देखि मिति २०८०।०९।०३ गतेसम्म जम्मा ७ दिन

**भ्रमण दलमा सहभागीहरु**

✓ गाउँपालिका अध्यक्ष दुर्गा बहादुर पुन,प्रमुख प्रशासकिय अधिकृत भरत कुमार वली,कृषी बजार संचालक समिति अध्यक्ष तिलक शर्मा,हलुका सवारी चालक योगेश बुढा

### ख) पुर्व तर्फको भ्रमण

### भ्रमणको अबधि

✓ मिति २०८०।०९।६ देखि मिति २०८०।०९। १३ गतेसम्म जम्मा ८ दिन

### भ्रमण दलमा सहभागीहरु

✓ माननिय  कर्णाली प्रदेश भुमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रि भिमप्रकाश शर्मा,गाउँपालिका अध्यक्ष दुर्गा बहादुर पुन, गाउँपालिका उपाध्यक्ष प्रकाश भरारी,प्रमुख प्रशासकिय अधिकृत भरत कुमार वली,आर्थिक बिकास समिति संयोजक बालाराम खडका,कृषी बजार संचालक समिति अध्यक्ष तिलक शर्मा,माननिय मन्त्री ज्यूको निजि सचिव मुकुन्द शर्मा,माननिय मन्त्री ज्यूको निजि सुरक्षा गार्ड चन्द्र बहादुर घर्ती,माननिय मन्त्री ज्यूको निजि हलुका सवारी चालक हरिसिंह बुढा,हलुका सवारी चालक योगेश बुढा

## ४.भ्रमणका क्रममा भएका मुख्य-मुख्य गतिबिधी प्राप्त  उपलब्धिहरु

**क) पश्चिम तर्फको मिति २०८०।०८।२७ देखि मिति २०८०।०९।०३ गतेसम्मको भ्रमण**

- ✓ **सुर्खेतको कृषि उपज बजार सँचालक समितिसँग समितिको कार्यालयमा समन्वय बैठक** : सुर्खेतको बिरेन्द्रनगरमा रहेको संघिय सरकार मातहतको थोक बजारको अवलोकन तथा समितिका अध्यक्ष टाेपेन्द्र जंग शाही, ब्यबस्थापक र ब्यब्सायिहरु प्रकाश तिमिल्सिना ,बिष्णु शर्मा सहितका महानुभावहरु सङ्ग छलफल गरिएको छ । छलफलका क्रममा समिति पदाधिकारी र ब्यबसायिहरु बाट कपुरकोट बजार सधै खुल्ला गर्ने ब्यबस्था गर्न, बिषादी न्युनिकरण गर्न , कृषि एम्बुलेन्सलाई बजार प्रबर्धनमा मात्र प्रयोग गर्न, कृषक र ब्यबसायिबिच अन्तर्कृया गर्ने बाताबरण सृजना गर्न,उत्पादित बस्तुको ग्रेडिङ गर्न र मागमा आधारित उत्पादनमा कृषकलाई प्रोत्साहन गर्न र कपुरकोट बजार को मुल्यमा हुने अत्यधिक तरलतालाई ब्यबस्थित गर्न लगायतका महत्वपुर्ण सल्लाह सुझावहरु दिनुभएको छ भने ल्याव र चिस्यान केन्द्रकाे संचालन प्रकृया र पुर्वाधारहरुको बारेमा गाउँपालिकाको टिमले अवलोकन र जानकारी लिएको थियो।

- ✓ **कैलालीको घोडाघोडि नगरपालिकाको कार्यालयमा समन्वय बैठक र सुख्खड बजारमा रहेको कृषि बजारको अवलोकन:** मिति २०८० मंसिर ३० जनगते कैलालीको घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडक रावत ज्यु, निमिक्त प्रमुख प्रशासकिय अधिकृत उमेश राज रेग्मी, सुख्खड कृषी हाटबजार समितिका अध्यक्ष स्थानिय ब्यापारी र किसानहरुसँग नगरपालिकाको कार्यालयमा अन्तरकृया र अनुभव आदानप्रदान गरिएको छ । जसबाट कपुरकोट र घोडाघोडिका कृषी उपजहरुको कसरी दुईपक्षिय हितमा सहकार्य गर्न सकिन्छ भन्ने बिषयमा छलफल भएको थियो ।

- ✓ **गोदावरी नगरपालिका कैलालीमा समन्वय बैठक**: गाेदावरी नगरपालिका कैलालीका प्रबक्ता गोपाल दत्त भट्ट , प्रमुख प्रशासकिय अधिकृत हरिदत्त भट्ट , वडा अध्यक्षहरु र बिभिन्न शाखा हेर्ने शाखा प्रमुखहरु सहितका महानुभावहरु सङ्ग मिति २०८० मंसिर ३० गते गोदावरी नगरकार्यपालिकाको कार्यालयमा छलफल गरिएको छ । उक्त भेटघाट र छलफलका क्रममा दुइ पालिकाबिच भगिनि सम्बन्ध कायम गरेर दुईपक्षिय समन्वय र सहकार्यलाई मजबुत बनाएर लैजाने , दुईपक्षिय अबलोकन भ्रमण र कृषक तथा ब्यबसायी स्तरमा सम्बन्ध बिस्तार गर्ने , कपुरकोटको तरकारीको स्टल गोदावरीको अतरियामा स्थापना गर्न नगरपालिकाले सहजिकरण गरी ब्राण्डिङमा सहयोग गर्ने लगाएतका बिषयमा समन्वय बैठक समेत सम्पन्न भएको छ । कपुरकोट गाउँपालिकाको भ्रमण दललाई गोदावरी नगरपालिका कैलालीकाका तर्फबाट नगर प्रबक्ता भट्ट ज्युले हार्दिक स्वागत गर्नुभएको थियो । सो अबसरमा दूईपक्षिय असल अभ्यासहरु आदान प्रदान भएको थियो । कपुरकोट गाउँपालिकाको तर्फबाट रातो किताव, कपुरकोट दर्पण, शिक्षा योजना र आठ हजारी झ्याङ्गा लगायतका पुस्तकहरु उपहार स्वरुप प्रदान गरिएको थियो भने

गोदावरी नगरपालिकाले पनी रातो किताव कपुरकोट गाउँपालिकालाई उपहार स्वरुप प्रदान गरेको थियो ।

- **अतरियामा रहेको कृषी उपज थोक बजारमा समन्वय बैठक**: गोदावरी नगरपालिका १ , अत्तरियामा रहेको संघिय सरकार मातहतको कृषि थोक बजार संचालक समितिको कार्यसमिति बैठक अतिथि सदस्यहरुको रुपमा भाग लिएर पालिकाको तर्फबाट गाउँपालिकाको कृषि निति र सरोकारका बिषयहरु बैठकमा राखिएको छ । सोहि अबसरमा कृषि ज्ञान केन्द्र सुदुरपस्चिम का कृषि बिज्ञ श्याम राज जोशि सङ्ग कृषि एम्बुलेन्स, न्युनतम समर्थन मुल्य र उत्पादनमा आधारित अनुदानको बिषयमा रहेका अभ्यास, चुनौति र बिकल्पका बारेमा समेत सघन छलफल भएको थियो । उक्त बजार समितिले अतरियामा कपुरकोटको बिक्रि केन्द्र स्टल राख्न दिने सहमति जनाएको छ भने ग्रेडिङ, बिषादि परिक्षण र सधैं खुला हुने बजार स्थापना गर्न सुझाव दिएको छ ।

- **बर्दियाको मधुवन नगरपालिका वडा न १ मा रहेको डल्ला होमस्टेको अवलोकन** र ब्यबस्थापकिय पक्ष तथा थारु सांस्कृतिक प्रदर्शनिको अवलोकन गरियो भने मधुवनको बढैयातालको कृषि बजार संचालक समितिका कार्यवाहक अध्यक्षसँग कपुरकोटको बेमौसमी तरकारी स्टल मधुवनमा स्थापना गर्ने समझदारी भयो ।

- **बाँके जिल्लाको कोहलपुर नगरपालिकामा समन्वय बैठक** : कपुरकोट गाउपालिका सल्यानको असल अभ्यास र अनुभव आदानप्रदान एवम कृषि उपजको बजारिकरणको लागि भएको समन्वय बैठक तथा अबलोकन भ्रमणको क्रममा कोहलपुर नगरपालिका, कोहलपुर कृषि उपज बजार सन्चालन समिति सङ्ग अन्तकृया र समन्वय बैठक मिति २०८०/०९/०१ मा कोहलपुर नगरपालिकाको उपप्रमुख सङ्गिता सुवेदि ज्युको कार्यकक्षमा सम्पन्न भएको छ । जसमा जिल्ला समन्वय समिति उपप्रमुख सिता कार्कि, कोहलपुर कृषि बजारका ब्यबस्थापक चित्रकला पाठक, निमिक्त प्रमुख प्रसासकिय अधिकृत राम बहादुर हमाल, कृषि बिकास शाखा प्रमुख चन्द्र बहादुर बुढा, स्थानिय ब्यापारी, वडाअध्यक्ष र कृषकहरुको समेत उपस्थिति रहेको थियो ।कोहलपुरमा कपुरकोटको स्ट्ल राख्न सबै सरोकारवालाहरु सहमत हुनुभएको छ ।

- ✓ **नेपालगँज उपमहानगरपालिकामा समन्वय बैठक** : कपुरकोट गाउपालिका सल्यानको असल अभ्यास र अनुभव आदानप्रदान एवम कृषि उपजको बजारिकरणको लागि भएको समन्वय बैठक तथा अबलोकन भ्रमणको क्रममा नेपालगन्ज उपमहानगरपालिका, सङ्ग अन्तकृया र समन्वय बैठक मिति २०८०/०९/०१ मा नेपालगन्ज उपमहानगरपालिकाको उपप्रमुख कमरुद्दिन राई ज्युको कार्यकक्षमा र नगरप्रमुख प्रशान्त बिस्टज्युको बिशेष उपस्थितिमा सम्पन्न भएको छ । जसमा नगर प्रवक्ता, स्थानिय ब्यापारी, वडाअध्यक्ष र शारदा नपा सल्यान ११ वडा अध्यक्ष राजेस शर्मा ज्युको समेत उपस्थिति रहेको थियो । नेपालगन्ज उपमहानगरपालिका कपुरकोटको कृषि उपजको बजारिकरनमा सहयोग गर्न सहमत भएको छ ।

- ✓ **लम्किचुहा नगरपालिकामा समन्वय बैठक** : कपुरकोट गाउपालिका सल्यानको असल अभ्यास र अनुभव आदानप्रदान एवम कृषि उपजको बजारिकरणको लागि भएको समन्वय बैठक तथा अबलोकन भ्रमणको क्रममा कैलाली जिल्लाको लम्किचुहा नगरपालिका का नगरप्रमुख सुशिला शाहि सङ्ग भेटघाट तथा अन्तरक्रिया सम्पन्न भएको छ । जसमा नगर प्रमुख ज्युले किसान सहितको प्रतिनिधिमण्डल कपुरकोट भ्रमणमा छिट्टै आउने र यहाका किसान र ब्यबसायिसङ्ग अन्तरक्रिया गर्ने जानकारी गराउनुभएको छ र लम्किमा कपुरकोटको कृषि उपजको बजारिकरणमा सहयोग गर्ने प्रतिबद्दता जनाउनुभएको छ । उक्त भेटमा जनप्रतिनिधि, कर्मचारी र ब्यबसायिहरुको समेत उपस्थिति रहेको थियो ।

**ख) पुर्व तर्फको मिति २०८०।०९।६ देखि मिति २०८०।०९। १३ गतेसम्मको भ्रमण**

- ✓ **दाङ जिल्लाको घोराहीमा रहेको कृषी बजारमा अवलोकन**:
  मिति २०८०/०९/०६ गते घोराही उपमहानगरपालिका १० मा रहेको कृषि उपज बजार संचालक समिती अध्यक्ष गुलाम रसुल , अगुवा व्यावसायि बद्रुदिन राइन लगायत ब्यापारी महानुभाब हरु सङ्ग उपज को बजारीकरण , मूल्य शृङ्खला र निकासी को सहज प्रबन्ध सम्बन्धी छलफल गरिएको छ ।

- ✓ **भालुवाङ्मा रहेको लुम्वनि प्रदेश सरकार, कृषी मन्त्रालयमा समन्वय बैठक**:
  लुम्बिनी प्रदेशको कृषि तथा भुमी ब्यबस्था मन्त्रालय मा भेटघाट र अनुभव साटासाट गरिएको छ । महाशाखा प्रमुख उपसचिव घनश्याम चौधरी , बिज्ञ डा. हरिनारायण थारू , प्रशासन प्रमुख गोबिन्द पान्डेद्वारा कर्णाली प्रदेशका मा.मन्त्री ज्यु लगायतले टिमलाई

शिस्टाचार स्वागत गर्दै न्युनतम समर्थन मुल्य निर्धारण ,प्रतिफल मा आधारित कृषि अनुदान , चिस्यान केन्द्र अपरेसन अनुभव र बिसादी परिक्षण प्रयोगशाला संचालन सम्बन्धमा लुम्बिनी प्रदेशको अनुभव प्रस्तुत गर्नुभयो ।

- ✓ **रुपन्देहि जिल्लाको बुटवलमा रहेको कृषि उपज बजारमा समन्वय बैठक तथा बुटवल र मनिग्रामको बजार अवलोकन:** मिति २०८०/०९/०६ गते बुटवल कृषि थोक बजार समिति,स्थानिय ब्यापारि,उपभोक्ता र पत्रकारहरुसँ समन्वय बैठक सम्पन्न भएको छ जसमा समितिले कपुरकोट कृषी उपजको बजार प्रबर्धनमा उत्पादन पछिको (प्याकेजिङ, ढुवानी) गुणस्तरमा बिशेष ध्यान दिनुपर्ने, गोलभेडा बिषादीको मात्रा कम वा प्रयोग पर्खनुपर्ने समय पालना गर्नुपर्ने, मुल्य सुचना प्रणाली व्यबस्था गर्नुपर्ने, हाटबजार प्रत्येक दिन २/३ ठाउमा लगाउनुपर्ने ,कृषि एम्बुलेन्स र ढुवानी अनुदान र प्रतिफलमा अनुदान व्यबस्था गर्दा राम्रो हुने लगायतका महत्वपुर्ण सुझावहरु दिनुका साथै बुटवलमा कपुरकोट स्टल स्थापना गर्न सहयोग गर्ने प्रतिबदता समेत जनाएको छ ।

  **साथै** सोही दिन तिलोत्तमा ३ मनिग्राम मा रहेको नेपालकै ठूलो र ब्यबस्थित तरकारी बजार को अबलोकन समेत गरिएको थियो भने उक्त बजार मा हाम्रो कपुरकोट गाउँ पालिका का अगुवा व्यावसायि अनु रहमान को थोक तथा फुटकर सटर पनि अबलोकन गरिएको थियो र उहाँबाट मनिग्राम आसपासका उपभोक्ता उपज को ग्रेडिङ , प्याकेजिङ , बिसादी नियन्त्रण र ढुवानि गुनस्तरतामा ध्यान पुर्याउनु पर्ने सुझाव प्राप्त भयको छ ।

- ✓ **पाल्पा जिल्लाको मदानपोखरा संगम बहुउदेशिय कृषि सहकारी सँस्थासँग समन्वय बैठक**: मिति २०८० पौष ७ बिहान ठिक ८ बजे कृषि उपज उत्पादन र बजारीकरणका सन्धर्बमा सन्धर्बमा देसकै नमुना सहकारी मदनपोखरा सङ्गम बहुउद्‌देश्यीय सहकारीले विशेष बैठक आयोजना गरि मा.मन्त्री ज्यु लगायत हामी सबैलाई न्यानो स्वागत गर्नुभयो । आफ्नो उत्पादनको बजारीकरण आफै गर्ने मदनपोखरा को लोभलाग्दो अभ्यास रहेको छ । उपज को बजारीकरण मा कपुरकोट र मदनपोखरा मिलेर अगाडि बढ्ने सवालमा महत्त्वपूर्ण छलफल भयको छ । कृषि उपज को ग्रेडिङ प्याकेजिङ बजारिकरन हाम्रो लागि राम्रो सिकाइ सिकाइ बनेको छ भने कृषि यम्बुलेन्स संचालन र उत्पादनमा आधारित अनुदान आदिका

बिसयमा महत्त्वपूर्ण छलफल भयको छ । कपुरकोट र मदनपोखराका कृषक र सरोकार वालाहरुको बिचमा भातृ सम्बन्ध स्थापना गर्न आबश्यक छलफल समेत गरियो ।

- ✓ **पाल्पाको तानसेनमा माननिय प्रतिनिधिसभा सदस्य सँग भेटघाट :**

  पाल्पाका प्रतिनिधिसभा सदस्य माननिय ठाकुर गैरे सँग भेटघाट र छलफल गरिएको छ ।

- ✓ **कास्कीको पोखरा महानगरपालिका र ल्वाङ गाउँ होमस्टे अवलोकन** :

  मिति २०८० पौष ७ गते पोखरा महानगरपालिकाका श्रद्देय प्रमुख धनराज आचार्य ज्यु सङ्ग उहाँकै कार्यकक्षमा दुईपक्षिय छलफल तथा अन्तरकृया सम्पन्न भएको छ । महानगरका असल तथा अनुकरणीय अभ्यास का सन्धर्बमा महानगर प्रमुख,कृषि महाशाखा प्रमुख , महानगरीय कृषि पर्यटन तथा होमस्टे प्रबर्द्धन समिती प्रमुख ले सबिस्तार जानकारी गराउनु भयको थियो भने कर्णाली प्रदेशका असल अभ्यास का विषयमा कर्णाली प्रदेशका मा. कृषि मन्त्री ज्यु द्वारा र कपुरकोट गाउँ पालिकाका असल अभ्यास अनि भाबी योजना का बिसयमा अध्यक्ष , उपाध्यक्ष, प्रमुख प्रसासकिय अधिकृत तथा वडा अध्यक्ष ज्यु ले अनुभुती सहित अन्तर्कृया मा सहभागी हुनुभयो । यसै अबसरमा तरकारीको कपुरकोट ब्रान्ड , न्युनतम समर्थन मुल्य , कृषि यम्बुलेन्स ,पोखरामा तरकारीको कपुरकोट स्टल र कर्णाली मुल्यबान ट्रेडमार्क लगायत बिसयमा प्रारम्भिक छलफल समेत भयो । पोखरा महानगरपालिका र कपुरकोट गाउँ पालिका बिचमा भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा समेत सौहार्दपुर्ण बाताबरणमा बार्ता भयो ।

- ✓ **तनहूँको बन्दिपुरमा रहेको बाख्रा अनुसन्धान केन्द्र र होमस्टेको अवलोकन** : तनहुँ बन्दिपुरमा रहेको राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्रको अबलोकन गरियो। यस केन्द्रमा बोयर,खरी , सिनाल प्रजाती को बाख्रा मा क्रस बृडिङ, रोग नियन्त्रण , खोर ब्यबस्थापन र आहारा ब्यबस्थापनमा अनुसन्धान र ब्यबसायीक कृषक लाई माग को आधारमा ब्याड पाठापाठी बितरन गरिरहेको छ । साथै बन्दिपुरमा सञ्चालित सामुदायिक होमस्टेको ब्यबस्थापकिय पक्षको समेत अवलोकन गरियो ।

- ✓ **गोरखाको पालुङ्टारमा रहेको कामधेनु गाइ फार्मको अवलोकन**: गोर्खा जिल्ला पालुङ्टार नगरपालिका च्याङ्लिङ मा रहेको नेपाल कै ख्यातिप्राप्त "कामधेनु गाई पालन फार्म" मा अहिले बयस्क ३६५ जर्सी, होलिस्टिन जातका गाईहरु रहेका छन । यसबाहेक साडे र बाछाबाछी गरि थप ५० रहेछन । ३६० रोपनी क्षेत्रफल मा फैलिएको यो फार्म मा दैनिक २००० लिटर सम्म दूध उत्पादन हुनेरैछ । नेपाल सरकार बाट सर्बोत्कृस्ट कृषक को रुपमा सम्मानित राजेन्द्रराज पन्तद्वारा संचालित यो फार्म ले २२ घर परिवार लाई प्रत्यक्ष रोजगारी प्रदान गर्नुको साथमा बार्सिक करिब ४ करोड रुपैयाँ को दूध र ब्याड बाछाबाछी बिक्रि कारोबार गर्ने गरेको जानकारी प्राप्त भयो । उहालाई भेटेर धेरै महत्त्वपूर्ण कृषि सिकाइ हासिल गरियो ।

- ✓ **मोदी गाउँपालिका पर्वतसँग समन्वय बैठक** : मिति २०८०।०९।१२ गते मोदिगाउँ पालिका पर्बतका अध्यक्ष ज्यु,उपाध्यक्ष ज्यु सङ्ग भेटघाट गरि पालिकाका असल नौला र जनमुखी अभ्यास तथा अनुभव बारे छलफल गरेका छौ ।

- ✓ **रुकुम पुर्वको सदरमुकाम रुकुमकोटमा भेटघाट** :
  रुकुम पुर्वको सदरमुकाम रुकुमकोटमा सहायक प्रमख जिल्ला अधिकारी हिरालाल आचार्य र युवा नेता लिलामणी गौतम लगायत सुरक्षाकर्मीहरुसँग भेटघाट तथा रुकुमकोटमा कपुरकोट तरकारी स्टल स्थापना गर्ने बिषयमा छलफल भएको छ ।
- ✓ **माननिय भौतिक पुर्वाधार तथा यातायात मन्त्रि ज्युसँग भेटघाट :**

  कर्णाली प्रदेश भुमी ब्यबस्था कृषि तथा सहकारी मन्त्री मा. भिम प्रकाश शर्मा ज्यु र कपुरकोट गाउँपालिका अध्यक्ष ज्यु उपाध्यक्ष ज्यु लगायतका महत्त्वपूर्ण जिम्मेवार ब्याक्तीहरुको नेपाल सरकार भौतिक पुर्बधार तथा यातायात मा.मन्त्री प्रकाश ज्वाला सङ्ग समग्र बिकाश निर्माण को सवालमा महत्वपुर्ण भेटघाट तथा बिबिध बिषयमा छलफल गरिएको छ ।

- ✓ **सम्माननिय प्रधानमन्त्री पुस्पकमल दाहाल प्रचण्ड ज्यु सङ्ग  भेटघाट:**

- ✓ मिति २०८० पौष ११ गते प्रधानमन्त्री निवास बालुवाटार मा सम्माननिय प्रधानमन्त्रि पुष्पकमल दाहालसँग सिस्टाचार भेट गरीएको छ भने तत पस्चात प्रधानमन्त्री ज्यु का निजि सचिब रमेश मल्ल सङ्ग कपुरकोट हाट बजार को स्तर वृद्धि का लागि DPR मुताबिक क्रमागत बजेट,गाउपालिका द्वारा संचालित ५ सैया अस्पतालमा उपकरण र स्वास्थ कर्मी ब्यबस्थापन, समानिकरन तर्फ गत आ.ब.र चालू बर्सको राजस्व बाडफाड तर्फ रोकियको थप बजेट निकासा, १५ सैया अस्पताल निर्माण तर्फ रोकियको दायित्व भुक्तानी का लागि निकासा, कर्मचारी हरु अध्यन का लागि तलबी बिदामा बसे बाफत मन्त्रालय /बिभागिय फाजिल मधे बाट ONM बमोजिम परिपुर्ती गरिदिने लगायत बिसयमा महत्त्वपूर्ण छलफल तथा ध्यानाकर्षण गरायका गराइएको छ। यसै बिचमा वरिष्ठ राजनितिक बिस्लेसक श्याम बस्नेत, जेष्ठ कम्युनिस्ट मन्च का अध्यक्ष नन्दलाल प्रसाईं , पुर्ब मन्त्री तथा सङ्घिय माननीय देबि खड्का तथा युबा नेता विशाल खड्का सङ्ग समसामयिक बिषयमा भलाकुसारी गरिएको छ ।
- ✓ **चिस्यान केन्द्र Cold Stor स्थापना ,सन्चालन सम्भावनाका बिषयमा छलफल**:
  मिति २०८०।०९।१० गते कपुरकोट बजारमा कोल्ड स्टोर स्थापनाका अबसर र चुनौती का सन्धर्बमा यसै क्षेत्रमा ३ दसक देखि बिज्ञता हासिल गर्नुभयका बाताबरण तथा कृषि नीति अनुसन्धान ,प्रसार तथा बिकास केन्द्र CEAPRED का निर्देशक आदरणीय केशव जोसि सर र ओम सर सङ्ग ज्यादै महत्त्वपूर्ण छलफल भयो । र उक्त निकायले यसै बर्ष कपुरकोटमा एउटा आधुनिक कोल्ड स्टोर स्थापना गर्ने सहमत भएको छ ।

- ✓ **काठमाडौंमा बिभिन्न महानुभावहरुसँग भेटघाट,समन्वय बैठक र अनुभव आदानप्रदान** :
  मिति २०८०।०९।१०, ११ र १२ गते काठमाडौ बसाई क्रममा सामान्य प्रसासन मन्त्रालयका कर्मचारी ब्यबस्थापन महासाखा का सहसचिव राम कुमार महतो, कृषि मन्त्रालय का सहसचिव डा. राजेन्द्र मिश्र , भौतिक पुर्बाधार यातायात मन्त्रालय का सहसचिव रघुराम बिस्ट, सामान्य प्रसासन मन्त्रालय अन्तर्गत स्थानीय तह समन्वय महासाखा का अधिकृत चिरञ्जीवी नेपाल सङ्ग सौहार्द छलफल गरिएको छ । यो अबसर मा कपुरकोट गाउँ पालिकाका समस्या , अल्पकालीन र दीर्घकालीन योजना , बजेट तथा जनशक्ति ब्यबस्थापन सन्धर्बका बिभिन्न माग तथा सुझाव पेस गरिएको छ।

## ५. **भ्रमणको निष्कर्ष तथा सुझावहरु**

- ✓ गाउँपालिकाको स्वकृत नीति तथा कार्यक्रम अनुसार न्युनतम समर्थन मुल्य कार्यबिधि बनाइ प्रत्येक बर्षको असार देखि मंसिरसम्म बन्दा र काउलीमा लागु गर्न उपयुक्त हुने
- ✓ उत्पादनमा आधारित कृषक अनुदान लागु गर्न एकिकृत हाटबजारमा सबै कृषि उपजको बिक्री बितरणको ब्यबस्थापन गर्न पालिकाको ३ वटा स्थान कपुरकोट बगाले र शितलबजारमा हाटबजार लगाउने
- ✓ कपुरकोट हाटबजार सधैं खुला हुने तथा थोक र फुटकर दुबै प्रकारको बिक्रि गर्ने ब्यबस्था मिलाउने
- ✓ कृषि एम्बुलेन्स तत्काल खरिद गरि हाट बजार समितिमार्फत सञ्चालन गर्न उपयुक्त हुने
- ✓ कैलालीको अतरिया, सुख्खड, लम्कि, मधुवन,कोहलपुर ,बुटवल ,पोखरा र रुकुमकोटमा कपुरकोट तरकारी स्टल आगामी आवदेखि सञ्चालनमा ल्याउन उपयुक्त हुने
- ✓ आगामी आवदेखि कृषि उपजमा अनिबार्य कपुरकोटको ब्राण्ड सहितको बोरा प्रयोगमा ल्याउन उपयुक्त हुने
- ✓ कृषि उपजमा ग्रेडिङ र बिषादि न्युनिकरणलाई अनिबार्य गर्ने
- ✓ कृषकहरुलाई उत्पादनदेखि बिक्रि सम्मका प्रकृया र आधुनिक प्रबिधिबारे सचेतना कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने
- ✓ कृषि मिनिल्याप र बिषादि परिक्षण प्रयोगशाला शिघ्र स्थापना गरि सञ्चालनमा ल्याउनुपर्ने
- ✓ कृषि पर्याटन सँगसँगै कपुरकोट गाउँपालिकाका कम्तिमा २ स्थानमा सामुदायिक होमस्टे सञ्चालन गर्न उपयुक्त हुने
- ✓ हाटबजारबाट अर्गानिक बिषादि,मलबिउँ बिक्री बितरण र अन्य स्थानको दैनिक कृषी उपजको दररेट प्रशारण हुने गरि सुचनाकेन्द्रको स्थापना गर्न उपयुक्त हुने

## **६. प्रतिबेदक**

नाम : दुर्गा बहादुर पुन

पद: टोली प्रमुख (गाउँपालिका अध्यक्ष)

मिति :२०८०।०९।१६

हस्ताक्षर: